नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(........................(अनुमतिपत्र महाशाखा)..........................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८०/०८१(अनुमतिपत्र)

चलनी नं.:- ५४०

मिति: २०८१/१/३

विषय : माथिल्लो भेरी अर्धजलाशययुक्त (PROR) ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री इन्टिग्रेटेड मोविलिटि सोलुसन्स प्रा.लि.
काठमाडौं महानगरपालिका वडा नं. १, केबि प्लाजा भवन, बिनामार्ग, कमलादी, काठमाडौं ।
फोन नं. : ४५४००९०
सम्पर्क मोवाइल नं. : ९८५१२७९९९९

प्रस्तुत विषयमा तहांले माथिल्लो भेरी अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना (३२५ मे.वा.) को विद्युत उत्पादनको अनुमतिपत्र पाउन दिएको दरखास्त माथि कारवाही हुंदा नपुग कागजात विवरण पेश गर्न मिति २०८०/७/२१ च.नं. ३८८ तथा मिति २०८०/१०/७ च.नं. ६२२को पत्र मार्फत तहांलाई पत्राचार गरिएकामा तपशिल बमोजिमका कागजात विवरणहरू अझै पेश भएको नदेखिंदा सो विवरणहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा १३(४) बमोजिम ७ दिनको समयावधिभित्र पेश गर्नुहुन विभागको मिति २०८०/१२/२३ को निर्णयानुसार जानकारी गराईन्छ ।

<u>तपशिल (पेश गर्नु पर्ने थप कागजात विवरण तथा प्रतिक्रिया र प्रस्तुतीकरण) :</u>

१. कम्पनीको अद्यावधिक शेयर लगत अभिलेखको विद्युतीय प्रति Excel format मा तथा प्रस्तुत आयोजनाको उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को प्रमाणित प्रतिलिपि,
२. आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन(प्रतिवेदन स्वीकृतिको पत्र सहित)तथा सोको विद्युतीय प्रति ।
३. पेश भएको टोपोनक्शामा रेखांकन भएको संरचना अध्ययन गर्दा पूर्वी सिमाना (देशान्तर) तर्फको ८२° ४६' २२" पु. भन्दा पुर्व तर्फको क्षेत्र आयोजनाका संरचनाको लागी उपयोग नहुने देखिंदा उपयोग नहुनाको कारण र उपयोग नहुने भएमा सो अनुरुप क्षेत्र संशोधनको लागि कम्पनीको संचालक समितिको निर्णय सहित आयोजनाको प्रमुख संरचना तथा जलाशयक्षेत्र नक्शांकन सहित अक्षांश देशान्तर रेखांकन गरिएको सक्कल स्थलरूप (टोपो) नक्शा पेश गर्नुहुन ।
४. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण ।
५. बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्बन्धी आशयपत्र ।
६. उत्पादित विद्युत प्रसारण गर्ने व्यवस्था सम्बन्धी विवरण ।
७. प्रस्तुत आयोजनाको वि.उ.स. १०३८ को प्रकरण ७ (द) र ७ (ध) मा आयोजनाको अध्ययन सम्बन्धी शर्तहरु तोकिएकोमा उक्त शर्तहरुलाई के कसरी सम्बोधन गरिएको छ ? सो विषय समेतलाई सम्बोधन गर्ने गरी आयोजनाको प्राविधिक तथा वातावरणीय पक्ष समेटिएको प्रस्तुतीकरण गर्नुहुन ।

..................................
(दुर्गा नारायण भुसाल)
इन्जिनियर

बोधार्थ: श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।